## *आर्थिक वर्ष २०७७/०७८ को निति तथा कार्यक्रमः*

***सभाध्यक्ष महोदय,***

**थाहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सातौं नगरसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका तथा म नगर उपप्रमुख खड्ग बहादुर गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्न गर्दछु ।**

**अब म आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।**

**१. स्रोत परिचालनः**

**(क) वि.सं. २०७१ सालदेखि सम्पत्ती कर लागू गरिएकोमा आगामि आर्थिक वर्षका लागि सम्पत्ती कर यथावत गरिनेछ । समयमा नै सम्पत्ती कर भुक्तानी गर्ने करदातालाई १० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ । मालपोत रजिष्ट्रेशन दरलाई आधार मानी सम्पत्ती करका दरहरुलाई समायोजन गरिनेछ ।**

**ख) थाहा नगरपालिका भरी पसल, व्यापार, व्यवशाय उद्योग आदि संचालन गर्ने व्यवशायीहरुबाट वार्षिक व्यवशाय कर असुल उपर गरिनेछ । व्यवशायीहरुको सुविधालाई ध्यानमा राखी वडा कार्यालयहरुबाट नै व्यवशाय दर्ता तथा नविकरण गरिने व्यवस्था गरिनेछ । थाहा नगरपालिका क्षेत्रमा घर भाडा दिइएका भवन, घर, पसल, टहरा आदिमा १० प्रतिशत घर बहाल कर लागू गरिनेछ । यस्तो बहाल कर व्यवशाय नवीकरण गर्दाकै बखतमा घरधनीहरुको र भाडा दरहरुको समेत विवरण लिइ घर भाडा कर असुल उपर गरिनेछ । यसको अनुगमन नगरपालिकाले गर्नेछ ।**

**ग) थाहानगर क्षेत्रमा व्यवशायीहरुले व्यवशाय दर्ता गरेर मात्र संचालन गर्ने र व्यवशाय दर्ता वा नविकरण गर्दा अनिवार्य रुपमा आफ्नो व्यवशायीक प्रतिष्ठानमा बाल श्रमिक नभएको र नराख्ने प्रतिवद्धता कार्डको व्यवस्था गरिनेछ । यस्तो कार्ड सम्बन्धीत वडा कार्यालयबाट पाउने व्यवस्था मिलाइनेछ ।**

**घ) नगरपालिका क्षेत्रबाट बाहिर जाने तरकारी, वनजन्य, जडिबुटि, खोटो, गिट्टी, बालुवा ढुवानी तथा अन्य निकासी कर लगाइनेछ । यस्तो सामाग्रीको कर असुल गर्दा ठेक्का पट्टाबाट असुल उपर गर्ने व्यवस्था मिलाइनेछ । ठेक्का पट्टा हुन नसकेमा अमानतबाट समेत कर असुली गर्ने व्यवस्था मिलाइनेछ ।**

**ङ) आगामि आर्थिक वर्षको लागि सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, सेवा शुल्क, दस्तुर लागू गर्न करका दरहरुलाई यथावत गरिनेछ ।**

**च) सार्वजनिक पर्ति, ऐलानी जग्गामा घर टहरा र संरचना बनाई व्यक्तिहरु वा जग्गा उपयोग गरिएका व्यक्तिहरुबाट वार्षिक रुपमा बहाल बेरौटी कर लिने व्यवस्था गरिनेछ ।**

**छ) थाहानगर भित्र पाइने प्राकृतिक स्रोत र साधनको खोजी गरी त्यसलाई परिचालन, व्यवस्थापन र संचालन गरी आन्तरिक आय वृद्धि गर्नका लागि पहल गरिनेछ ।**

**ज) थाहा नगरपालिका भित्र राजश्व संकलन र वृद्धि गर्न सकिने संभावित क्षेत्रहरुको खोजी गरी राजश्व संभाव्यता अध्ययन गरिनेछ ।**

झ) थाहा नगरक्षेत्रका बाँकी वडाहरुमा टोल विकास संस्था गठन गरी आन्तरिक स्रोत संकलन कार्यमा सहभागी गराइनेछ ।

ञ) नगरको स्वामित्वमा रहेको विभिन्न मेशिन, उपकरणहरुको प्रयोग तथा परिचालनलाई एकद्वार नीति अबलम्बन गरिनेछ ।यसलाई व्यवशायिक नभई विकासे अभियानको रुपमा नागरिकले अनुभव गरिने वातावरण बनाइनेछ ।

## २. पूर्वाधार विकास :

क) आर्थिक वर्ष २०७७/०७८ भित्रै राष्ट्रिय विभूति पार्क (मुलाबारी चौर) बाट चन्द्रागिरीसम्म साइकल मार्गको संभाव्यता अध्ययन गरिने छ ।

ख) *'शुद्ध पिउने पानी, हाम्रो जिन्दगानी'* भन्ने नाराको साथ नगरका सबै घरमा धारा पुऱ्याउने व्यवस्था मिलाइने छ । थाहानगर वृहत्त खानेपानीको पूर्वाधार आर्थिक वर्ष २०७७/०७८ बाटै प्रारम्भ गरिनेछ । साना खानोपानी योजना तथा उपभोक्ता समितिको स्वामित्व क्रमशः नगर खानेपानी व्यवस्था बोर्डले अपनत्व लिई सबै खानेपानीको व्यवस्थापन बोर्ड मार्फत गर्ने व्यवस्था मिलाइने छ । खानेपानीलाई शुल्कमा आधारित बनाइनेछ ।

ग) यातायातको सुविधाको लागि पूर्वाधार विकासमा थाहा नगरपालिकाको वडा बजेट सिलिङमा नपरेका तर अति आवश्यकीय क्षेत्रलाई अवस्था विश्लेषणसहित नगरकै तर्फबाट त्यस्ता सडकको विकासमा संघ तथा प्रदेश सरकार समक्ष निर्माणका लागि पहल गरिने छ ।

घ) आगामि आर्थिक वर्षदेखि विशेष अवस्थामा बाहेक नयाँ सडकको ट्र्याक ओपन गर्ने कार्य बन्द गरिने कार्यलाई निरन्तरता दिइने छ । यदि खोल्न परेमा कार्यपालिकाको बैठक बसी सोको निर्णयको आधारमा मात्र ट्र्याक खोलिनेछ । नगरमा भइरहेको सडकको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

ङ) नगरपालिकाले सडकमा बजेट विनियोजन गर्दा सडक मापदण्डको न्यूनतम मापदण्डलाई समेत आधार मानी सडकमा बजेट विनियोजन गर्न प्राथमिकता दिइनेछ ।

च) आगामि आर्थिक वर्षदेखि १२ वटै वडाका वडा सडकको रुपमा विकसित गरी तीन वर्ष भित्र प्रति वडा ५ किलो मीटरको दरले ६० किलोमीटर सडक पक्की गर्ने कामलाई निरन्तरता दिइनेछ । यस्ता सडकहरुलाई बजेट विनियोजन गर्दा प्राथमिकता दिइ वडा स्तरीय सडकको रुपमा विकास गरिनेछ । प्रत्येक वडाको दोस्रो र तेस्रो प्राथमिकताको सडक पहिचान गरी डिपीआर तयार गरिनेछ । सडकको क्षेत्राधिकार तोकी लगत कट्टा गरिने व्यवस्था गरिनेछ ।

छ) थाहा नगरपालिकामा संचालित सिंचाई र खानेपानीका योजनाहरुलाई निर्माण तथा मर्मत संभारको व्यवस्था गरिनेछ । उक्त आयोजनाहरुलाई लागत सहभागितामा संचालन गरिनेछ ।

ज) थाहानगरका मुख्य बजार क्षेत्र, धार्मिक पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थानहरुमा जन सहभागितामा आधारित सौर्य सडक तथा विद्युतीय सडक बत्तीको व्यवस्था गरिने छ ।

झ) नगरपालिकाले कम्तिमा ७ लाख भन्दा माथिको योजनाहरु मात्र संचालन गर्नेछ । तर नगरका विकट वडाहरु ५, ७, ८, ११ र १२ मा पाँच लाख भन्दामाथिका योजना संचालन गरिने छ । कुनै स-साना योजनाहरु संचालन तथा मर्मत संभार गर्नु परेमा वडा कार्यालयको लागि एकमुष्ट निशर्त अनुदान रकम उपलब्ध गराइनेछ । यस्तो अनुदान रकमबाट वडा समितिको निर्णय बमोजिम

योजना छनोट, मर्मत र संचालन गर्ने व्यवस्था मिलाइनेछ । थाहा नगरपालिका वडा नम्बर ११ को नाकछेडा झोलुङ्गेपुल थाहा-११, इन्द्रायणी चौर-सतीघाट मोटरेबल पक्की पुल र भुङ्दल-डाँडामुख मोटरेबल पक्की पुल संघीय सरकारसंगको सहकार्यमा आर्थिक वर्ष २०७७/०७८ मा निर्माण प्रारम्भ गरिनेछ । थाहा-८ मा हाँडिखोला झोलुङ्गेपुल, थाहा-१२ को त्रिवेणी खोलामा झोलुङ्गेपुल, थाहा-११ मा ठाडे झोलुङ्गेपुल तथा ढोकचा तसर मोटरेबल पक्की पुल, थाहा-३ को महाभिर खोला मोटरेबल पक्की पुलको संघीय तथा प्रदेश सरकारसंगको सहकार्यमा डि.पी.आर. तयार गरी निर्माणका लागि कार्य अघि बढाइनेछ । थाहा-७ को जामुने कवासे मोटरेबल पुल निर्माण, जामुने बोट आकाशेफाँट झोलुङ्गेपुल निर्माण प्रदेश तथा संघीय सरकारसंग माग गरिनेछ ।

ञ) आगामि २ वर्ष भित्र थाहा नगरपालिका वडा नं. ४ मा रहेको नार्खु ढाँडमा बसपार्क र नयाँगाउँमा थाहा स्मारक निर्माण सम्पन्न गर्ने गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

ट) थाहा नगरपालिका भरीका काठको पोल विद्युत भएका स्थानमा फलामे पोल परिवर्तन गरी नगरमा उर्जाको विकास गर्न पहल गरिनेछ ।

ठ) विश्वकै तीन शंखमूल मध्येको पालुङमा रहेको शंखमूललाई धामको रुपमा विकास गरी १०८ धारा निर्माण गरी आन्तरिक तथा बाहिृय पर्यटन प्रवर्द्धनका काम भैरहेकोमा यसका लागि योजनावद्ध रुपमा कार्य संचालनलाई निरन्तरता दिइनेछ ।

ड) थाहा नगरपालिका-३ स्थित काला भैरव चौरमा आगामि वर्षभित्रमा शीतभण्डार निर्माण गरी संचालनमा ल्याइनेछ ।

ढ) थाहा नगरपालिका वडा नं. ३ मा रहेको इन्द्रायणी चौरलाई विस्तृत परियोजना प्रस्ताव तयार गरी नगरस्तरीय खेलकुद मैदान सह लगानीमा निर्माण गर्न स्रोतको खोजी गरिने छ ।

ण) थाहा नगरपालिका वडा नं. ६ फलफूल बगैचामा निर्माणाधिन चिल्ड्रेन पार्कलाई निर्माण सम्पन्न गर्नको लागि स्रोतको खोजी गरिनेछ ।

त) नगरपालिका क्षेत्रमा निर्माण भएको भवनको नक्शापास मापदण्ड कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

थ) थाहा नगरपालिका क्षेत्रको सडकको नक्शांङ्कन गर्नको लागि कार्यक्रम तर्जुमा गरिनेछ । आगामि आर्थिक वर्षबाट नगर क्षेत्रका खोलाहरुको सिमाङ्कन शुरुवात गरिनेछ । फेदीगाउँ शंखमूल क्षेत्रको नदी तटबन्धन गर्न स्रोतको खोजी गरिनेछ ।

द) ऐलानी पर्ती जग्गाहरु छुट्याई त्यसलाई रेखाङ्कन गरिनेछ । थाहा नगरको पहिचानको रुपमा ‘टाउन प्लानिङ’ गरि व्यवस्थित शहर बनाउन पहल गरिने छ ।

### ३. आर्थिक विकासः

क) कृषि क्षेत्रलाई आधुनिकीकरण, विविधीकरण, व्यवशायिकरण र यान्त्रीकीकरण गर्दै लगिनेछ । अर्गानिक खेतीमा जोड दिइने छ र कृषिको पकेट क्षेत्र घोषणा गरी कृषि अनुदानको व्यवस्था गरिनेछ । कृषि विकासको लागि प्लाष्टिक टनेल, विरुवा वितरण, मल विउ ढुवानी, हाइटेक नर्सरी स्थापना संचालन, लगायतका कृषि कार्यलाई कृषि समूह, कृषि सहकारी/कृषिफर्म मार्फत ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ । उत्कृष्ट कृषि उत्पादकलाई पुरस्कृत गरिनेछ । एक

गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषिमा उत्पादन भएका कृषि उपज बेचबिखनलाई सर्वसुलभ बजार व्यवस्थापनको लागि बिचौलियाहरु कम गर्न सहकारीहरु मार्फत सहकारी बजार विकास कार्यक्रम संचालन गरिनेछ । नगरका किसानहरुलाई मध्येनजर गरेर साना सिंचाइका कार्यक्रम, माटो व्यवस्थापन तथा परीक्षणका कार्यक्रमहरु संचालन गरिनेछ । आधुनिक हाइटेक नर्सरी स्थापनाको लागि प्रदेश तथा संघीय सरकार समक्ष पहल गरिनेछ । थाहा नगरपालिकामा प्रदेशस्तरीय कृषि उपजको विरुवा उत्पादन नर्सरी निर्माणमा पहल गरिनेछ । पशु सेवाका कार्यक्रमलाई थप प्रभावकारी  बनाइनेछ । कार्यक्रम संचालन गर्दा नतिजामा आधारित भएर संचालन गरिनेछ ।

ख) थाहा नगरपालिका कृषि तथा पर्यटन क्षेत्रमा प्रख्याती भएको हुँदा कृषि र पर्यटन उद्योग संचलन गर्न अनुदान दिने व्यवस्था गरिनेछ । घरेलु तथा साना उद्योग संचालन गर्दा आवश्यक पर्ने सीप तथा यान्त्रीक साधनमा विशेष अनुदान दिने व्यवस्था गरिनेछ । कृषि, पर्यटन र वन पैदवारजन्य क्षेत्रमा उद्योग संचालन गर्न चाहने उद्यमीहरुलाई आर्थिक सहयोग गर्नको लागि चालु कोषको व्यवस्था गरिनेछ । यसरी संचालन हुने उद्योगहरुको व्यवस्थापनमा सहयोग हुनेगरी आवश्यक पर्ने विद्युत पानीको आपूर्तिमा नगरपालिकाले सहजीकरण गर्नेछ । थाहानगरमा औद्योगिक ग्राम स्थापनाको लागि आवश्यक पहल गरिनेछ । थाहानगरमा संचालन हुने चिया बगानलाई थाहानगरको गौरबको योजनाको रुपमा विकास गरिने छ । थाहा-७ को उन्युचौर सार्वजनिक नाङ्गो डाँडालाई चिया बगानमा परिणत गर्न स्रोतको खोजी गरिनेछ । किबि खेतीलाई प्रोत्साहन गर्नका लागि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

ग) नेपालको संविधान २०७२ अनुसार तीनखम्बे अर्थनीति भएको हुँदा थाहानगरको स्थानीय राजश्व परामर्श समितिमा सहकारी क्षेत्रको समेत आमन्त्रित सदस्य हुने व्यवस्था गरिनेछ ।

घ) सहकारी क्षेत्रको प्रवलीकरण, प्रभावकारिता अभिवृद्धि गरी थाहा नगरपालिकाको सहकारी समन्वय मार्फत संचालन हुने गरी आमनागरिकमा वित्तिय सेवाको पहुँच विस्तार गर्ने सहकारी शिक्षा, तालिम अध्ययन अवलोकनको कार्यक्रम संचालन गरिनेछ ।

ङ) सहकारी संस्थालाई प्रोत्साहन गर्न थाहा नगरपालिकाले लिने विभिन्न प्रकारका दस्तुर तथा सबै किसिमका कर छुट लगायतका अन्य सुविधाहरु उपलब्ध गराउने व्यवस्था मिलाई सहकार्रि एकीकरण प्रकृयालाई अघि बढाइनेछ ।

च) कृषि र पशुपंक्षीमा आधारित सहकारी उद्यमको विकास र बजारीकरणमा जोड दिइनेछ ।

छ) सहकारी खेती तथा सामुहिक खेती एवं सहकारी पशुपालनलाई प्रोत्साहन गर्न अनुदानमा आधारित पुरस्कारको व्यवसथा गरिनेछ ।

ज) बजारलाई स्वच्छ एवं प्रतिस्पधात्मक बनाउनको लागि कृषि तथा उपभोक्ता सहकारी संस्थाहरुलाई थप शसक्त बनाउन कम्तीमा एक वडा एक सुपथ मूल्य सहकारी पसल संचालन गर्न प्रोत्साहन गरिनेछ ।

झ) कृषकको उत्पादन सुरक्षाको लागि सहकारी मार्फत विविध कृषि यन्त्र तथा उपकरणहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

ञ) कृषि सहकारी संस्था मार्फत भएका कृषि विजवृद्धि कार्यक्रमलाई प्रोत्साहन गर्न बजेटको व्यवसथा गरिनेछ ।

ट) पर्यटन प्रवर्द्धनका लागि नगर पर्यटन गुरुयोजना निर्माण भैसकेकोले पर्यटन गुरुयोजनाले पहिल्याएका क्षेत्रहरुमा आधारित भएर पर्यटन विकासका योजनाहरु संचालन गरिनेछ । निजी क्षेत्रको समेत सहकार्यमा चित्लाङ चन्द्रागिरी भन्ज्याङमा पार्क सहितको भ्यू टावर निर्माण गर्न संभाव्यता अध्ययन भई निर्माण प्रारम्भ भएकोमा पूर्णताको लागि बागमती प्रदेश सरकार समक्ष पहल गरिनेछ । नगरस्तरीय पर्यटन विकास बोर्ड गठन गरी पर्यटनको विकासमा जोड दिइनेछ । चन्द्रागिरी-दामन-सिमभन्ज्याङ ट्रेकिङ ट्रेल र साइकल रुट निर्माणको लागि कार्यारम्भ भएकोमा सम्पन्न गर्नको लागि संघ तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ । दामन क्षेत्रमा सार्वजनिक जग्गा पहिचान गरी पर्वतीय सम्मेलन केन्द्र निर्माणको लागि कार्य प्रारम्भ गरिनेछ । ऋषेश्वर, गोरखनाथ, इन्द्रायणी, पाण्डुकेश्वर, कुटेश्वरी, बज्रवाराही, नन्दीकेश्वर, उन्मत्तेश्वर, चम्पकेश्वर, स्वच्छन्दभैरव, गालवेश्वर मन्दिर, गौखुरेश्वर, सितापाइला, झुम्केश्वरी, बागेश्वरी, मनकामना, सेति गणेश लगायत अन्य धार्मिक क्षेत्रहरुलाई धार्मिक पर्यटनको रुपमा भौतिक पूर्वाधार निर्माण गर्दै लगिनेछ । मूलाबारी चौरलाई राष्ट्रिय विभूति पार्क र कोटथुम्कीलाई पर्यटन प्रवर्द्धन गर्न डिपीआर समेत तयार भैसकेको हुँदा पुर्वाधार निर्माणको कार्य थालनी गरिनेछ । दामन पिकनिक स्पट, डाँडाबासको स्मारक पार्क पिकनिक स्पट, बाराही डाँडा पिकिनिक स्पटलाई पिकनिक स्पटको रुपमा विकास गर्न कार्य प्रारम्भ गरिनेछ । सार्वजनिक जग्गाहरुको पहिचान गरी पर्यटन व्यवशाय संचालन गर्न जग्गा माग भै आएमा नगरसभाबाट निर्णय गराई जग्गा भाडामा उपलब्ध गराउन सम्बन्धीत निकायहरुमा पहल गरिनेछ । नगरका विभिन्न संभाव्य स्थानहरुमा बञ्जिजम्प, प्याराग्लाइडिङ, रकक्लाइमिङ, जिप फ्लाइङ, जस्ता सहासिक पर्यटन व्यवशाय संचालन गर्न चाहने व्यवशायीहरुलाई तत्काल व्यवशाय संचालन गर्न स्वीकृती दिइने व्यवस्था मिलाइनेछ । भिमफेदी-सिमभन्ज्याङ केवलकार संचालन गर्नको लागि प्रारम्भिक अध्ययन भैसकेको र आगामि आर्थिक वर्षमा लगानीकर्ताहरुको खोजी गरी कार्य प्रारम्भ अघि बढाइनेछ । बज्रवाराहीमा थाहा संग्राहलय र चित्लाङमा पर्यटन सूचना केन्द्र निर्माण कार्य थालनी गरिनेछ । पर्यटकहरुलाई सहज ढंगबाट थाहा नगरपालिका आवागमनको लागि चित्लाङ चन्द्रागिरी सडक र कुन्छाल कुलेखानी सडकको स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्य शुरु भएकोमा पूर्णता दिन संघ तथा प्रदेश सरकार समक्ष पहल गरिने छ । त्रिभूवनराजपथको मर्मत संभारको लागि संघीय सरकारबाट बजेट विनियोजन भएकोले समयमै कार्यान्वन गर्न अनुरोध गरिनेछ । पर्यटकहरुलाई गाइड गर्न पर्यटक गाइडको तालिम संचालन गरिनेछ । पर्यटकहरुलाई थाहानगर घुमफिर गराउनको लागि ट्राभल एजेन्सीहरुलाई आकर्षित गराउन ट्राभल एजेन्सीहरुको सम्मेलन थाहा नगरपालिकामा गराउनको लागि पहल गरिनेछ । पर्यटकहरुका लागि थाहा नगरपालिकाको निर्मित घरेलु उत्पादन बिक्रि वितरणको लागि कोशेली घरको निर्माण तथा संचालनमा अनुदान उपलब्ध गराइनेछ । थाहा-७ को चिसापानी कैलाशडाँडा प्रख्यात नामले चिनीनेछ । कैलाश डाँडालाई पर्यटन प्रवर्द्धन गर्न स्रोतको खोजी गरिनेछ । पर्यटकहरुको सुरक्षालाई मध्येनजर गर्दै मुख्य मुख्य पर्यटकीय क्षेत्रमा थप सुरक्षा व्यवस्था मिलाउन पहल गरिनेछ । नगरका मुख्य क्षेत्रहरु सुरक्षा व्यवस्थालाई मजबुद गराउन नगर प्रहरीको व्यवस्था गरिनेछ । पर्यटकहरुलाई मुख्य मुख्य भ्यू प्वाइन्टहरुमा बिश्राम स्थल सहितको पूर्वाधार निर्माण कार्य अगाडि बढाइनेछ । थाहानगरमा आउने पर्यटकको रेकर्ड अपडेट गर्नको होटल एशोसियन तथा पर्यटन व्यवशायीहरुसंग सहकार्य गरिनेछ । थाहानगरमा संचालनमा रहेका होमस्टेहरु अभिलेखीकरण गरी मापदण्ड विपरित संचालन रहेको पाइएमा त्यस्ता होमस्टेहरुलाई होटल रेष्टुरेन्ट र रिसोर्टको रुपमा परिवर्तन गरी कार्याविधि निर्माण गरी करको दायरामा ल्याइनेछ । थाहानगरमा संचालनमा रहेका होमस्टेहरुको थप प्रवर्द्धन र विकास गरिनेछ । थाहानगरको पर्यटकीय क्षेत्रहरुको विशेषता समेटीएको प्रचार सामाग्रीका लागि निजी क्षेत्रको समेत सहभागितामा निर्माण तथा वितरणमा प्राथमिकता दिइनेछ । नगरमा एग्रोटुरिजम विकास गर्ने उद्देश्यसहित कार्यक्रम तर्जुमा गरिनेछ । थाहा ८ को सप्तकन्या

गुफा, हाँडी दह, बाथानचुलीको भग्नावशेष  दरबार लगायत थाहा ११ को नर्बे ढुङ्गाको प्रचारप्रसार तथा विकासमा जोड दिइनेछ । महांकाल, लाली गुराँस र सुनगाभा पैदलमार्गलाई प्रवर्द्धन गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि मूर्तिकला, हस्तकलामा आधारित प्रवर्द्धनात्मक कार्य संचालन गरिनेछ । अशोक कालिन चैत्य, लक्ष्मी प्रसाद चौतारो, लिच्छवीकालिन शिलालेख ऐतिहाँसिक दरबारहरु, गुम्बा र मठमन्दिरहरु संरक्षण तथा प्रवर्द्धन गरिनेछ । संभावित पर्यटकीय स्थलको पहिचान गरी त्यस्ता क्षेत्रहरुको विकास गर्न निजी क्षेत्रलाई लिजमा दिइने व्यवस्था गरिने छ ।

ठ) सहकारीको माध्यमबाट छरिएर रहेको पुँजीलाई एकत्रित गरी सहकारी र नगरपालिकाको साँझेदारीमा विभिन्न सीपमुलक र आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ । नगरमा रहेको सहकारीहरुको प्रतिनिधीहरुको सहभागितामा थाहानगर सहकारी संजाल गठन भैसकेकोले यसलाई क्रियाशील गराइनेछ । सीपमुलक तालीम संचालन गरी घरेलु तथा साना उद्योग संचालन गर्न चाहने व्यक्ति वा फर्मलाई अनुदान र मेशिन उपलब्ध गराउने व्यवस्था गरिनेछ । स्वरोजगार सृजना गरी नगरभित्रै पुँजी परिचालन गर्ने र रोजगारीको सृजना गरिनेछ । स्वरोजगार कार्यक्रमबाट उत्पादित वस्तुलाई बिक्री वितरणको लागि बजारको खोजी गरिनेछ । आगामि आर्थिक वर्षमा ढुङ्गा गिट्टी, बालुवाको प्रशोधन तथा व्यवसायीको संभाव्यता अध्यन गरी त्यस्ता प्राकृतिक स्रोत परिचालन हुने उद्योगको कार्यविधि बनाई लागू गर्ने र उद्योग दर्ता गरी संचालनमा ल्याउने व्यवस्था मिलाइने छ । बेरोजगार पहिचान भएका थाहानगरका बेरोजगारहरुलाई कामको लागि रोजगारी कार्यक्रम संचालन गरिनेछ । सहकारीहरुको रिपोटिङ सिस्टमलाई डिजिटलाइजेशन गरी अनलाईन रिपोटिङको व्यवस्था गरिनेछ । सहकारी नियमावली तर्जुमा गरी सहकारी दर्ता तथा खारेजी र नियमन कार्यलाई अगाडि बढाइनेछ । प्रत्येक महिना थाहा नगरपालिकामा भएका सहकारीका अध्यक्ष र व्यवस्थापकहरुको बैठक बसी समस्याको पहिचान र समाधनको उपायको विषयमा छलफल गरिनेछ । कृषि उपज बेचविबखनलाई सहकारीको माध्यमबाट बजार व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ ।

ड) समानुपातिक वडा विकास बजेट कार्यक्रम अन्तर्गत प्रत्येक वडाहरुबाट कृषि स्वास्थ्य र पर्यटनसंग सम्बन्धीत योजनाहरुलाई प्राथमिकताका साथ छनोट गरिने व्यवस्था गरिनेछ ।

ढ) थाहा नगरलाई दुध र मासुमा आत्म निर्भर बनाउने कार्यक्रम तर्जुमा गरिनेछ । *'पशुपंक्षी पालनमा अनुदान वितरण सम्बन्धी कार्यविधि'* निर्माण गरी थाहानगरका १२ मध्ये एउटा वडामा गाई पकेट क्षेत्र, नमुना भैसी पालन पकेट क्षेत्र, बाख्रापालन पकेट क्षेत्र तोकी गाईभैसी पालक किसानको वर्गिकरण गरी अनुदान प्रतिशत निर्धारण गरेर नगरबाट अनुदानको व्यवस्था गरी प्रोत्साहन गरिनेछ । कृषि बाली बीमाको लागि नगरका कृषि प्राविधिकहरुलाई तालिमको व्यवस्था गरी नगरका कृषकहरुको कृषि तथा पशु बीमाको लागि व्यवस्था गरिनेछ ।

ण) कृषि कार्यको लागि आवश्यक विउ विजन विषादी कृषि औजार सहकारी मार्फत सुपथ मूल्यमा बिक्रि वितरणको लागि इच्छुक सहकारीलाई नगरपालिकाबाट समेत सहयोग गर्ने नीति लिइनेछ । तरकारीको पकेट क्षेत्र रहेका स्थानहरुका लागि आर्थिक वर्ष २०७७/०७८ मा कम्तीमा ३ वटा सहकारीलाई यस कार्यमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

त) नगर क्षेत्रमा किसानहरुबाट खेतीबालीमा असुरक्षित विषाधि प्रयोग भैरहेको र कडा प्रकृतिका विरामीको संख्या वृद्धि भैरहेको सन्दर्भमा किसानहरुको स्वास्थ्यलाई मध्येनजर गरेर *'किसान स्वास्थ्य सुरक्षा कार्यक्रम'* संचालन गरिने छ ।

थ) कोरोना भाइरस (कोभिड-१९) को कारण थाहानगरमा तरकारी बिक्रि वितरणमा ठूलो समस्या श्रृजना भई नोक्शानी खेप्न बाध्य भएको पस्थितीलाई मध्येनजर गरी ताजा तरकारी भण्डारणको लागि तरकारी चिस्यान केन्द्र स्थापना गर्न संघ तथा प्रदेश सरकार समक्ष पहल गरिने छ ।

द) स्थानीय घरेलु उद्योगहरुलाई प्रोत्साहन गरी बिक्रि कम हुने समयका तरकारीलाई सुख्खा बनाई स्वरुप परिवर्तन गरेर पुनः बिक्री गर्ने व्यवस्था गरिनेछ । आर्थिक वर्ष २०७७/०७८ मा नमुना उत्पादन गर्न थाहानगरका कम्तिमा ३ स्थानमा सहकारीलाई प्राथमिकता दिई साना ड्रायर मेशिनको लागि ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइनेछ ।

ध) थाहानगरले तरकारी र आलु उत्पादनमा प्रसिद्धी पाइरहेको सन्दर्भमा आलु उत्पादनलाई थप बढवा दिन *'बीउ सुरक्षा कार्यक्रम'* संचालन गरिनेछ । यसका लागि 'पिबिएस आलुलाई पकेट क्षेत्र घोषणा गरिने छ । किसानबाट उत्पादन भएको पिबिएस विउ तीन पुस्तासम्म नगरपालिकाले नै खरिद गरी किसानलाई वितरण सुपथ मुल्यमा दिइनेछ । आगामि तीन वर्ष भित्रमा नगरका सबै किसानलाई मागको आधारमा आलुको विउ वितरण गरी बीउमा आत्मनिर्भर गराइनेछ ।

न) नगर क्षेत्रमा रहेका बाँझो जग्गा उपयोग गर्नको लागि वडागत रुपमा लगत संकलन गरी उक्त जग्गाको उत्पादन क्षमता मूल्याङ्कन समेत गरी बाँझो जग्गा उपयोगमा ल्याउने नीति लिइने छ । यसका लागि एकजना फोकल पर्सनको व्यवस्था गरिने छ ।

प) कृषि लगायत स्थानीय उत्पादनलाई प्रवर्द्धनका लागि प्रदेश सरकारको सहकार्यमा थाहानगरमा कम्तिमा एक स्थानमा *'साप्ताहिक थाहा बजार'* (हाट बजार) शुभारम्भ गरिने छ ।

फ) 'एक घर, एक फलफुल' 'एक घर एक करेसाबारी' नीति लिइने छ । यस कार्यक्रमका लागि ५० प्रतिशत अनुदानमा किसानहरुलाई विरुवा वितरण गरिने व्यवस्था मिलाइने छ । उक्त कार्यक्रमको पूर्ण अनुगमनको व्यवस्था मिलाई उपलब्धी हासिल गरिने छ ।

ब) टनेल खेती, थोपा सिंचाइलगायत तरकारी खेतीमा आधुनीकरणका लागि अनुदानको व्यवस्था गरिनेछ । टनेल खेतीको थप विस्तारका लागि कृषिसंग सम्बन्धीत काम गर्ने सरकारी तथा गैर सरकारी संघसंस्थासंगको समन्वयलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

भ) कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण थाहानगरका किसानहरुले उत्पादन गरेको तरकारी ठूलो मात्रामा क्षति भएको हुँदा चित्लाङ क्षेत्रमा भएको क्षतिको विवरण संकलन भएकोमा त्यस्तो क्षतिको लागि राहत उपलब्ध गराउन संघ तथा प्रदेश सरकार समक्ष पहल गर्ने र आगामि आर्थिक वर्षबाट कृषि बीमाको लागि पहल गरिने छ ।

म) किसानको कृषि उपाज उत्पादन क्षमता र बाली सुरक्षाका लागि थाहानगरमा उत्पादन हुने सबै किसिमको तरकारी, आलु तथा अन्नबालीको लागत सर्भेक्षण गरिने छ । आर्थिक वर्ष २०७८/०७९ बाट यसका लागि नगरमा भिन्दै संरचना बनाइने छ । बाली अनुसार विश्लेषण गरी समर्थन मुल्य तोकिने छ ।

### ४. वातावरण तथा विपद व्यवस्थापनः

क) सामुदायिक वनहरुलाई नगरपालिकामा अभिलेखीकरण गरी ती सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरी विरुवा उत्पादन तथा वृक्षारोपनका कार्यक्रमहरु संचालन गरिनेछ । थाहानगरको पर्यटकीय क्षेत्रमा गुराँस प्रजातीको विरुवा रोपिनेछ । सामुदायिक वन क्षेत्रमा आयआर्जन हुने प्रजातिका विरुवाहरु रोप्नका लागि प्रोत्साहन गरिनेछ । थाहा नगरपालिकामा प्रदेशस्तरीय विरुवा

उत्पादन नर्सरी निर्माणमा पहल गरिनेछ । नगर क्षेत्रका सामुदायिक वनहरुले वार्षिक कार्ययोजना निर्माण गरी नगरपालिकामा अनिवार्य बुझाउने व्यवस्था गरिनेछ ।

ख) कुलेखानी जलाधार क्षेत्रका विभिन्न स्थानहरुमा चेक ड्याम निर्माण गर्न पहल गरिनेछ । नगरपालिकाले वातावरण, जलवायु, परिवर्तन आदिबाट हुने प्रभावको मूल्याङ्कन गरी विशेष कार्यक्रम संचालन गरिनेछ । नगरमा भएको अत्याधिक कृषिमा विषादि प्रयोगलाई न्यूनिकरण गरी अर्गानिक खेतीको विकास गरिनेछ । आगामि आर्थिक वर्षदेखि थाहा नगरपालिकालाई हरित शहरको रुपमा विकास गरी आगामि ३ वर्ष भित्र वातावरणमैत्री नगर घोषणा गरिनेछ ।

ग) नगरको फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र बजार व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ । फोहोर व्यवस्थापन वापत प्रत्येक परिवारबाट फोहोर व्यवस्थापन शुल्क लगाई यस्तो शुल्कको परिचालन बजार व्यवस्थापन समिति र टोल विकास संस्था मार्फत गरिने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिका क्षेत्र भित्र रहेका पालुङ, बज्रवाराही र सिमभन्ज्याङ क्षेत्रमा बनेका सेग्रीगेशन हाउसलाई थप व्यवस्थित गर्दै 'फोहोरबाट मोहोर' कार्यक्रम संचालन गरिनेछ । फोहोर व्यवस्थापनको लागि डष्ट विन, किचेन विन, कम्पोष्ट विनलगायतका सामाग्रीहरु वितरणको लागि विकास साँझेदारहरुसंग सम्न्वय गरिनरेछ । शौचालयजन्य फोहोर व्यवस्थापनका लागि स्थान छनोट गरी कार्यक्रम संचालन गरिनेछ । थाहा नगरपालिका वडा नं. ९ र १० लाई मध्येनजर गरेर सेग्रिगेशन हाउस निर्माणका लागि पहल गरिनेछ । नगरको समग्र फोहोर व्यवस्थापनका लागि छिमेकी पालिकाहरु समेतको सहकार्यमा ल्याण्डफिल्ड साइडको पहिचान गरी आवश्यक पूर्वाधार विकासका लागि कार्य प्रारम्भ गरिनेछ ।

घ) बाढी पहिरोबाट जोखिम रहेका वस्तीहरुका लागि तटबन्ध गरी बस्ती बचाउ कार्यक्रम संचालन गरिनेछ । विपदबाट बच्नको लागि विपद व्यवस्थापन कोष खडा गरिनेछ । बाढी पहिरो आगलागी भई घरबार विहिन र अंगभङ्ग भएका परिवार र व्यक्तिहरुलाई राहत र औषधि उपचारका लागि अस्पतालसम्म पुग्ने यातायात खर्च नगरपालिकाले व्यहोर्नेछ । आगलागी तत्काल निभाउनको लागि बारुणयन्त्र (दमकल) लाई २४ सै घण्टा तयारी हालतमा राखिनेछ । थाहानगरको विपद व्यवस्थापन प्रतिकार्य योजनालाई अद्यावधिक गरिनेछ । विपद् न्युनिकरणका लागि अत्ति आवश्यकीय सामाग्री व्यवस्थापनमा पहल गरिनेछ ।

ङ) नगरमा रहेका ५० भन्दा बढि सामुदायिक वनहरुलाई नियमिति नवीकरण गराउने वातावरणका लागि आवश्यक सहजीकरण गरिने छ । सामुदायिक वनमा हुने जटिबट्टीहरुको अध्ययन अनुसन्धान गरी जडिबुट्टी खेतीका लागि प्रोत्साहन गर्ने नीति लिइने छ ।

च) स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाको यकिन गर्न अस्पतालजन्य फोहोर व्यवस्थापनलाई व्यवस्थित र सुदृढीकरणमा विषेश ध्यान दिइने छ ।

छ) थाहानगरलाई प्लाष्टिक झोला मुक्त नगर घोषणा गर्नको लागि आगामि आर्थिक वर्षदेखि थाहानगरको वडा नम्बर ११ बाट परीक्षणको रुपमा कार्यक्रम संचालन गरिनेछ । वातावरण तथा सरसफाईको जनचेतना अभिवृद्धिको लागि टोल विकास समिति र बजार व्यवस्थापन समितिको संलग्नतामा झाँकीसहित वातावरण दिवस मनाउने व्यवस्था गरिनेछ । मापदण्ड पुगेका सडक किनारामा स्थानीय जातको वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।

**५. सामाजिक विकासः**

क)  सामुदायिक विद्यालय सुधार कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । विद्यालयहरुमा क्रमशः ल्याब व्यवस्थापन तथा कम्प्युटर व्यवस्थापन, विद्यालयहरुमा इ–हाजिरीको व्यवस्थालाई निरन्तरता दिइनेछ । विद्यालयको पाठ्यपुस्तक, छात्रवृत्तिलगायत विद्यालयमा दिइने अनुदान रकम समयमै पुऱ्याउने व्यवस्था गरिनेछ। विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई समायोजन गरिनेछ र आवासिय विद्यालय संचालन गरिने तर्फ पहल गरिनेछ । विद्यालय, कक्षा र विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ । शिक्षाको गुणस्तर मापन गर्नको लागि ५ र ८ को परीक्षा नगरस्तरीय परीक्षा संचालन गरिनेछ । निजी क्षेत्रबाट संचालित विद्यालयहरुलाई पूर्वाधार विकास र सिकाई उपलब्धी बढाउन आवश्यक पहल गरिने छ। आगामि आर्थिक वर्षमा स्वास्थ्य सम्बन्धी जानकारीको लागि कम्तिमा थप २ विद्यालयमा **'एक विद्यालय, एक नर्स'** कार्यक्रम संचालन गरिनेछ । उत्कृष्ट हुने विद्यालय, छात्र, छात्रा र विषय शिक्षकलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ । सिकाई उपलब्धी कमजोर भएका विद्यालयहरमा उपलब्धी बढाउनको लागि विशेष कक्षाको व्यवस्था गरिनेछ । करारको शिक्षक नियुक्ति गर्नको लागि नगरमा विशेषज्ञहरुको सूचीकृत गरिनेछ । शिक्षकहरुको क्षमता अभिवृद्धिको कार्यक्रमहरु संचालन गरिने छ । नगरका सामुदायिक विद्यालयहरुमा शिक्षक अभाव हुन नदिनको लागि नगरपालिकाले तह तथा विषयगत शिक्षकहरुको परीक्षा लिएर सूचीकृत गरी शिक्षक बैंकको व्यवस्था गरिनेछ । थाहानगरमा रहेको एक मात्र बहुमुखी क्याम्पसलाई नियमित संचालन गर्नको लागि आवश्यक पहल गरिनेछ । २५ वर्ष सेवा अवधि र ५० वर्ष उमेर पुगेका शिक्षकहरुलाई स्वच्छिक अवकाश लिन चाहेमा सम्मानसहित स्वच्छिक अवकास दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । केही बाल विकास केन्द्रहरुलाई नमुनाको रुपमा विकास गरिने छ । मातृभाषामा अध्ययन गर्ने गराउने विद्यालय संचालन गर्न प्रदेश तथा संघीय सरकार समक्ष पहल गरिनेछ । बाबुआमा नभएका विद्यार्थीहरुलाई वडा कार्यालयको सिफारिसमा छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

ख) थाहानगर क्षेत्रमा रहेका र नगरमा प्रभाव रहेका संचार माध्यमलाई **स्थानीय सरकार लोक कल्याणकारी सन्देश उपलब्ध** गराउने नीति लिइने छ । प्रत्येक चौमासिकमा जिल्लाका सञ्चारकर्मीहरुको सहभागितामा नगरपालिकाको शाखा प्रमुखहरुको सहभागितामा समिक्षा एवं पत्रकार सम्मेलनको आयोजना गरीनेछ ।

ग) थाहानगर भित्रका विद्यालयहरुमा स्थानीय पहिचान सहितको (थाहा तथा रुदानेसंग सम्बन्धीत) स्थानीय पाठ्यक्रम लागु गरी पठनपाठनको व्यवस्था मिलाउन पहल गरिनेछ ।

घ) थाहानगरलाई शैक्षिक हबको रुपमा विकास गर्न सम्बन्धीत विज्ञहरुसंग परामर्श लिई सम्बन्धीत निकायहरुसंग समन्वय गरी विश्वविद्यालय स्थापनाको लागि पहल गरिनेछ ।

ङ) नगरभित्र रहेका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुको भवन पुर्वाधार विकास गरिनेछ । निःशुल्क औषधि वितरणलाई यथासक्य सम्बन्धीत स्वास्थ्य केन्द्रहरुमा पुऱ्याइनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । मातृ शिशु कार्यक्रम संचालन गरी आगामि ३ वर्ष भित्रमा नगरलाई Zero Home Delivery नगरपालिका घोषणा गरिनेछ । घरबाट स्वास्थ्य चौकीमा हिंडेका तर बाटैमा सुत्केरी हुने महिलालाई समेत महिला स्वयंसेविकाको सिफारिसमा अस्पतालमा सुत्केरी हुँदा पाउने बराबरको सुविधा दिइने व्यवस्था गरिने छ । सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरुको रिक्त दरबन्दी पूर्ति गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिश्रमिक यथावत गरिनेछ । केन्द्रीय पञ्जिकरण विभागको कार्यक्रम अनुसार आगामि आर्थिक वर्षबाट थाहानगरका स्वास्थ्य संस्थामा जन्मेका बालबालिकाहरुको (Management Informatation System) MIS दर्ता एउटा स्वास्थ्य संस्थाबाट संचालन प्रारम्भ गरिनेछ । सुरक्षित मातृत्व कार्यक्रमलाई

प्रभावकारी बनाउन र गर्भवती जाँच, संस्थागत सुत्केरी र सुत्केरी जाँच सेवालाई शत्प्रतिशत पुऱ्याई त्यसलाई टिकाउ गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । थाहानगरको स्वास्थ्य संस्थाहरुमा संचालन भइरहेको सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाइने छ । पूर्ण खोप घोषणा भइसकेको थाहानगरलाई खोपको सुनिश्चतता र दीगोपनका लागि सर्भेक्षण, भेरिफिकेशन, प्रमाणिकरण तथा अनुगमन गरिनेछ । थाहा नगरको पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषणको स्थिती सुधार गर्न र कुपोषण रहित बनाउन आवश्यक कार्यक्रम संचालन गरी क्रमशः वडाहरुलाई कुपोषण मुक्त वडा घोषणा गरिनेछ । नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट अनलाईन रिपोटिङलाई व्यवस्थित गर्नको लागि नगरका सबै स्वास्थ्य संस्थामा इन्टरनेटको पहुँच विस्तार गरिनेछ । प्रसुति सेवा लिनूअगावै सेवाग्राहीलाई EDD (अन्तिम सुत्केरी हुने मिति) मिति भन्दा दुईदिन अघिदेखि बस्ने खानेको व्यवस्था गरिनेछ । गर्भवतीहरुको गर्भमा रहेको शिशुको अवस्था तथा जटिलता पत्ता लगाई समयमा आवश्यक सेवा प्रदान गर्न घुम्ती ग्रामिण भिडियो एक्सरे सेवा प्रदान गरिनेछ । स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासको लागि सार्वजनिक तथा नीजि क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गरिनेछ । वैकल्पिक चिकित्सा प्रणालीको विकास तथा विस्तार गरिनेछ । आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सबैको सहज, सुलभ र समान पहुँच स्थापित गरिनेछ । थाहा नगपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले आवश्यकता र क्षमताको आधारमा क्रमशः ल्याब सेवा शुरुवात गरिनेछ । प्रस्तावित १५ शैयाको अस्पताल बाहेक अन्य स्वास्थ्य संस्थाहरुको निः शुल्क ल्याब सेवालाई निरन्तरता दिइनेछ । प्रत्येक वडाबाट छनोट भएका परिवारको कार्यपालिकाले निर्णय गरी निःशुल्क स्वास्थ्य बीमाको लागि गैर सरकारी संस्थाको सहयोगमा 'विपन्न नागरिक स्वास्थ्य बीमा' कार्यक्रम संचालन गरिनेछ । वडाहरुमा खोप केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ । थाहानगरमा संचालनमा रहेका एम्बुलेन्सहरुलाई कार्यविधि र मापदण्ड बनाई एकै मापदण्डबाट संचालन हुने व्यवस्था मिलाइनेछ । कोरोना सम्बन्धी जनचेतना पचिालनको लागि विद्यालय र अन्य सार्वजनिक स्थानहरुमा मनोसामाजिक परामर्श केन्द्र संचालन गरिनेछ ।

च) थाहानगर भित्रका जात्रा, पर्व, महोत्सव, भाषा, संस्कृतिको जगेर्ना गरिनेछ । आगामि वर्षमा भाषा संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न विभिन्न खाले 'कल्चर प्रोग्राम' (साँस्कृतिक कार्यक्रम) संचालन गरिनेछ। निजी क्षेत्रबाट यस्ता कल्चर प्रोग्राम देखाउने गरी स्वीकृत माग भएमा अवस्था विश्लेषण गरेर स्वीकृति दिइनेछ ।

छ) युवा जमातलाई खेलकुदको माध्यमबाट अनुसाशित बनाउन नगर क्षेत्रमा विभिन्न खेलको आयोजना गरिनेछ । प्रत्येक वडामा गठन भएको वडा खेलकुद विकास समिति र नगरमा नगर खेलकुद विकास समितिलाई कार्यक्रम सहित क्रियाशील गराइनेछ । अबदेखि उप्रान्त नगर खेलकुद विकास समिति तथा वडा खेलकुद विकासले आयोजना गरी निर्णय गरेका खेलकुद र नगरको सिफारिसमा खेल खेल्न जाने खेलाडी बाहेकका अन्य क्लब वा समितिले खेलाइने खेलहरुमा नगरपालिकाले कुनै पनि अनुदान वा सहयोग गरिने छैन । आगामि वर्षमा वडा स्तरीय खेलकुदको आयोजना गरी नगर स्तरीय खेलाडी छनोट गरी विभिन्न खेल प्रतियोगितामा थाहा नगरपालिकाको तर्फबाट सहभागी हुने व्यवस्था मिलाईने छ। नगरभरीका विभिन्न युवा क्लब तथा समूहहरु नगर खेलकुद विकास समितिमा अनिवार्य दर्ता वा सूचीकृत गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ । आगामि आर्थिक वर्षमा थाहा नगरपालिकामा मेयर कप भलिबल प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्ड र उपमेयर ब्याडमिन्टनको आयोजनालाई निरन्तरता दिइने छ ।

ज) आगामि आर्थिक वर्षमा महिला, जनजाति, अपाङ्ग, वृद्ध, दलित आदिको मागमा आधारित कार्यक्रम संचालन गरिनेछ । लक्षित वर्गको क्षमता विकास र आय आर्जनका कार्यक्रम संचालन गर्दा अनिवार्य व्यवशाय संचालन गर्नुपर्ने शर्त राखी स्वरोजगारका कार्यक्रमका रुपमा संचालन गर्न दिइनेछ । अनिवार्य व्यवशाय संचालन गर्ने गरी तालीम, व्यवशाय संचालन आदिमा सामाजिक विकास समितिको निर्णयको आधारमा कार्यपालिकाको बैठकले अनुमोदन गर्ने गरी आय आर्जन र क्षमता विकासका कार्यक्रम दिइने व्यवस्था गरिनेछ । महिला हिंसा, बाल शोषण, बाल बिवाहलगायत सामाजिक कुरितीका विरुद्धका कार्यक्रमहरु संचालन गरिनेछन् । बाल क्लब गठन, विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने र महिला, ज्येष्ठ नागरिक, अपांगलगायतका लक्षित वर्गको लागि एक्सरे मेशिन सहित घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ । नगरलाई एक वर्षभित्र निकृष्ट बालश्रम मुक्त नगर घोषणा तथा दुईवर्ष भित्र बाल विवाह मुक्त नगर घोषणा गरिने छ । नगरलाई बालमैत्री नगरपालिका घोषणा गर्नका लागि संस्थागत तथा सेवा प्रवाहको सूचकमा आधारित भएर कार्यक्रम संचालन गरिनेछ । नगर बाल संरक्षण नीति निर्माण गरी कार्यानवयनमा ल्याइनेछ । विपन्न बालबालिकाको शैक्षिक विकासका लागि छात्रवृत्ति कोष स्थापना गरिनेछ ।

झ) नागरिकको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि आर्थिक वर्ष २०७७/०७८ बाटै पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रस्तावित १५ शैयाको अस्पतालको रुपमा संचालन ल्याइने छ ।

ञ) थाहानगरमै बसोबास गरिरहेका व्यक्ति कोरोना भाइरस (कोभिड-१९) का कारण ज्यान गुमाउनुपर्ने अवस्था आएमा प्रति परिवार एकलाख रुपियाँ सहयोग दिइने छ ।

ट) आधारभूत तथा गुणस्तरीय निःशुल्क स्वास्थ्य सेवाको सर्वव्यापी पहूँचलाई सुनिश्चिता गर्ने र सो को लागि स्थानीय तह भित्र रहेका महिला स्वास्थ्य स्वंयसेविका, खोप केन्द्र, गाउँघर क्लिनिक, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, प्राथमिक अस्पताल, शहरी स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रबाट निर्वाध सेवाको यकिन गर्ने साथै निःशुल्क सेवाको लागि औषधी, औजार तथा जनशक्तीको सुनिश्चितता गरिने छ ।

ठ) कुनै पनि नागरीकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट वञ्चित हुनपर्ने अवस्थालाई अन्त्य गर्न थाहा नगरपालिका र गैर सरकारीसंगको समन्वयमा निःशुल्क स्वास्थ्य बीमा गरिने छ ।

ड) सविधानमा उल्लेखित "प्रजनन स्वास्थ्य महिलाको अधिकार" लाई सुनिश्चित गर्न र मातृ मृत्यु र कुल प्रजनन दरको राष्ट्रिय लक्ष्य हासिलमा सहयोग पुर्‍याउन परिवार नियोजन, सुरक्षित मातृत्व सेवा लगायतमा परिवार नियोजनको साधनहरूको उपलब्धता, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा, प्रसूति कक्ष सहितको आकस्मिक सेवाको उपलब्धतालाई सुनिश्चित गरि आगामी ३ बर्ष भित्र घरमा सुन्य सुत्केरी नगर घोषणा गरिने छ ।

ढ) दीगो विकास लक्षमा उल्लेख भए अनुसारका बाल मृत्यु तथा पोषण सम्बन्धी सूचक हासिल गर्न नियमित खोप कार्यक्रम, भिटामिन"ए" वितरण कार्यक्रम, बाल्यकालिन पोषाण कार्यक्रम, सूक्ष्म पोषकतत्व (बालभिटा) समुदाय प्रबर्धन कार्यक्रम, सुनौला १००० दिनका महिला तथा बालबालिका लक्षित पूर्ण पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण र किशोरीहरूलाई आइरन चक्की वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

ण) इपिडेमिओलोजी, नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रममा महामारीजन्य रोगको ≀ूत सूचना प्रवाह गर्ने कार्यक्रमहरू, सर्ने तथा नसर्ने रोगहरुको नियन्त्रणका बिरामीहरूको विभिन्न

परीक्षण गर्ने, हात्ती पाइले रोग निवारण कार्यक्रमको औषधी वितरण कार्यहरूलाई निरन्तरता दिइने छ ।

त) मानसिक स्वास्थ्य र नसर्ने रोगहरूको निवारणको लागि जनचेतना तथा परीक्षण सरूवा रोगको उपचार तथा नियन्त्रण, निःशुल्क प्रयोगशाला सेवा तथा अन्य निरोधात्मक सेवाहरूलाई निरन्तरता दिइने छ ।

थ) स्थानीय जनताको स्वास्थ्य सेवामा फरक मागको यकिन गर्न, आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रर्वधन गर्दै र स्थानीयस्तरमा उपलब्ध जडिवुटी समेतको प्रर्वधन तथा सम्बर्धनको लागि स्थानीय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम, विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम तर्जुमा गरिने छ । यसका लागि सरकारी तथा गैर सरकारी संघसंस्थासंग समन्वय गरिने छ ।

द) स्वास्थ्य सेवा निर्वाध रूपमा सञ्चालन गर्न संघ, प्रदेश तथा जिल्ला समन्वय कार्यालयहरूसँग समन्वय गरी परिवार नियोजका साधन, विभिन्न खोप, अत्यावश्यक औषधी तथा औजारको उपलब्धतालाई ध्यानमा राखी योजना तर्जुमा गरिनेछ ।

ध) स्थानीय तह भित्र दिने सेवाको सुनिश्चितताको साथै विभिन्न सेवा जस्तै जटिलता युक्त प्रसूति, जटिल चिकित्सा, दूर्घटनाको समयको ट्रमा सेवाको र स्थानीयस्तरमा उपलब्ध हुन नसकेका सेवाको लागि प्रेषण प्रणालीलाई सुनिश्चित गरिनेछ ।

न) श्रम तथा रोजगार मन्त्रालयबाट गरिब परिचयपत्र वितरणको लागि तथ्याङ्क संकलन भइरहेकोमा उक्त कार्य समाप्तीपछि वितरण गरिने परिचयपत्रको आधारमा पहिचान गरिएका वर्गको उत्थानको निम्ती अनुदान तथा सहुलियतहरुलाई प्राथमिता दिइने नीति लिइनेछ ।

प) कोभिड–१९ को कारण वैदेशिक रोजगारबाट विस्थापित भएका थाहानगरका नागरिकहरुको लगत संकलन गरी देश भित्रै उद्यम गर्न प्रोत्सहित गरी थाहानगरमा स्वरोजगार सृजना हुने खालको कामका लागि सहयोग गर्ने नीति लिइने छ ।

फ) महिलाहरुलाई स्वरोजगार बनाउनको लागि मोबाइल मर्मत, कम्प्युटर प्रशिक्षण लगायतको स्वरोजगार मुलक तालिम दिने व्यवस्था मिलाइनेछ ।

ब) थाहानगरमा रहेको स्वरोजगार सेवा केन्द्र मार्फत नगरको मानवस्रोतलाई परिचालन गरी रोजगार बनाउनको लागि पहल गरिने छ, नगरमा श्रम बैंकको स्थापना गरी मानव स्रोत परिचालन सम्बन्धी काम अघि बढाइने छ । श्रम बैंकमा अभिलेख भएका व्यक्तिहरुको सामुहिक बीमा गरी रोजगारसगै जीवन रक्षामा नगरपालिका प्रतिवद्ध रहने नीति लिइनेछ ।

भ) नगरमा विद्यालयहरु नजिकको सडकहरुको यसवर्ष अवस्था पहिचान मूल्याङ्कन गरी आगामि वर्षदेखि स्तरीकरण गरिने र पायक पर्ने विद्यालयहरुलाई केन्द्र विद्यालय तोकी विद्यालयलाई बस वा यातायातको साधन व्यवस्था गरी थोरै विद्यार्थी भएका स्कूललाई मर्ज गर्ने नीति लिइनेछ । बालबालिकालाई विद्यालय टाढा भई पढ्ने वातावरणमा पर्ने असरलाई न्यूनीकरण गरिनेछ । म) थाहानगरका केही विद्यालयलाई आवासिय विद्यालयको रुपमा संचालनमा ल्याउन सकेमात्र हामीले खोजेको शैक्षिक परिणाम प्राप्त हुनेहुँदा आवासिय विद्यालय संचालनको लागि गैर सरकारी संस्थाहरु संगको सहकार्य गरी संचालनको प्रयास गरिनेछ ।

य) कोरोना भाइरस (कोभिड–१९) को कारण थाहानगरका पर्यटन व्यवशायीहरुलाई ठूलो नोक्सानी व्यहोर्नु परेको सबैमा विदितै छ । यो अवस्थामा होटलका काम गर्ने श्रमिकहरु कोभिड–१९ का

कारण सबै आफ्ना घर गएका र आगामि दिनमा होटलहरु संचालन भएको अवस्थामा ति श्रमिकहरु पुन: रोजगारका लागि होटलमा फर्कन नकसेको अवस्थामा होटलमा काम गर्ने श्रमिकको अभाव हुने हुँदा त्यस्तो अवस्था आएमा थाहानगर होटल एशोसियशनसंग समन्वय गरी रोजगार मुलक तालिमको व्यवस्था मिलाईनेछ ।

र) थाहा नगरका माध्यमिक विद्यालयलाई प्राविधिक शिक्षासंग सम्बन्धीत विषय अध्यापन प्रारम्भ गरिनेछ । टिष्टुङको बागेश्वरी माविलाई कुनै एक प्राविधिक विषयको अध्यापन स्वीकृतीको लागि संघीय शिक्षा मन्त्रालयसंग अनुरोध गरिने छ ।

ल) नगरभित्र शुरु भइरहेका दिवासेवा केन्द्रहरुको व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । यस्ता दिवा सेवा केन्द्रहरु अन्य स्थानहरुमा समेत निर्माण गर्दै वृद्धवृद्धाहरुलाई त्यस्ता दिवा सेवा केन्द्रहरुमा पौष्टिक आहारको व्यवस्थापन गरिनेछ ।

**६. संस्थागत विकास:**

क) रिक्त रहेका कर्मचारी दरबन्दी पदपूर्ति तथा बढुवा गर्न कानून निर्माण गरी नगरसभाबाट पारित गरेर कार्यान्वयनमा ल्याइनेछ ।

ख) थाहा नगरपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत् कर्मचारीहरुको जीवन सुरक्षाको लागि जीवन बीमा तथा कर्मचारी कल्याण कोष स्थापना गरी संचालनमा समयानुकुल कोष संचालन तथा व्यवसथापन कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

ग) कर्मचारीहरुको काम गरेको समयको आधारमा ओभरटाइम भत्ता दिने व्यवस्था यथावत गरिनेछ । उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कार र सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

घ) सबै वडा कार्यालयहरुमा इन्टरनेट सहित कम्प्युटर नेटवर्किङ गरी कर र राजश्व लिइने व्यवस्थालाई निरन्तरता दिइनेछ । वडाबाट नगरपालिकामा पठाउनुपर्ने सिफारिस तथा पत्राचारलाई पेपर लेस गरी अनलाईन मार्फत नै यस्तो व्यवस्था मिलाइने छ ।

ङ) सबै वडा कार्यालय र नगरपालिकामा नागरिक वडापत्र राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । आयोजना संचालन स्थलमा होडिङबोर्ड अनिवार्य राख्ने र १५ प्रतिशत आयोजनाको लागत सहभागिता उपभोक्तबाट ब्यहोर्ने व्यवस्था गरिनेछ । नगरबाट संचालन हुने विकास योजनाहरुलाई सरल र छिटो छरितो गर्न थाहा नगरपालिकाको सार्वजनिक खरिद नियमावली तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

च) थाहा नगरपालिका क्षेत्रमा लागत सहभागिताको योजनालाई उच्च प्राथमिकताको साथ संचालन गरिनेछ । यसरी लागत सहभागिताका योजना संचालन गर्दा निजी क्षेत्रले सडक, खानेपानी तथा विजुली विस्तारमा ५०/५० प्रतिशत र आम सरोकारका लागि लागत सहभागिता ७०/३० सहभागितामा योजनाहरु संचालनको लागि त्यस्तो कोषको व्यवस्था गरिनेछ ।

छ) सबै वडा कार्यालयहरुका प्रशासनिक भवन सम्पन्न गरी वडा कार्यालयबाटै प्रशासनिक कार्य संचालन गरिनेछ । वडाका पदाअधिकारीहरुको अनिवार्य कार्य विभाजन गरी सोको प्रगति वडा अध्यक्षले कार्यपालिकामा पेश गर्ने कार्यको थालनी गरिनेछ ।

ज) आगामि आर्थिक वर्षबाट आर्थिक प्रशासनलाई चुस्तदुरुस्त बनाउनको लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) कार्यानवयनमा निरन्तरता दिइने छ, नगरपालिकाको सम्पूर्ण योजना सफ्टवेयर मार्फत अभिलेखीकरण गरी कामलाई छिटो छरितो बनाइनेछ ।

झ) उपभोक्ता समितिहरुलाई तालिम दिने, लागत स्टीमेटलाई नेपालीकरण गर्ने र उपभोक्ता समितिहरुको रकम सिधै बैंक खातामा जम्मा गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । योजनाको सार्वजनिक सुनुवाइ, नगरस्तरमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ । यस्ता कार्यमा सर्वपक्षीय उपस्थितीलाई ध्यान दिइनेछ । योजना अनुगमन पश्चात् योजनाको १० प्रतिशत भुक्तानी हुने व्यवस्था मिलाइनेछ ।

ञ) नगरपालिकाको कामलाई प्रभावकारी बनाउन थप आवश्यक ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यानवयनमा ल्याइनेछ । न्यायिक समितिलाई समायानुकुल कानूनी जानकारी गराउन क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । वडा तहमा रहेका मेलमिलाप सहजकर्ताहरुलाई नगरमा सूचिकृत गरिनेछ । वडा तहमा मेलमिलाप समिति गठन गरी सामान्य विवाद वडा तहबाटै समाधान गरिनेछ ।

ट) नगरपालिका कार्यालयको प्रशासनिक तथा नगरपालिकाका सबै गतिविधिलाई चुस्त दुरुस्त बनाउनको लागि अनलाइनमा तथा सम्बन्धीत सफ्टवेयरमा आधारित प्रणाली अपनाइने छ ।

ठ) सीमिति स्रोतबाट असिमीत आवश्यकता पूरा गर्नुपर्ने अवस्थालाई मध्येनजर गरी जनप्रतिनीधिहरुले योजना विनियोजन गर्दा प्रभावकारीतालाई मुल्याङ्कन गर्दै योजना प्राथमिकिकरण, बजेटिङ तथा कार्यान्वयन गरिने छ ।

उल्लेखित निति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आगामि आर्थिक वर्ष २०७७/०७८ को लागि अन्तरिक स्रोत ५ करोड १५ लाख ६० हजार, राजश्व बाँडफाँड १४ करोड ३७ लाख २० हजार, संघीय सरकारबाट अनुदान ५३ करोड २१ लाख, प्रदेश सरकारबाट अनुदान ७ करोड ८२ लाख ४३ हजार गरि जम्मा ८० करोड ५६ लाख ३३ हजारको बजेट बाँडफाँड हुने व्यहोरा समेत जानकारी गराउँछु ।

उल्लेखित नीति तथा कार्यक्रम र बजेटलाई, उल्लेख्य रुपमा सम्पन्न गर्नको लागि नगरपालिकाका सम्पूर्ण जनप्रतिनीधिहरु र सरोकारवाला सबैको सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

**खड्ग बहादुर गोपाली, उपप्रमुख**

**थाहा नगरपालिका, इन्द्रायणी चौर, मकवानपुर ।**

***मिति : २०७७ असार १० गते***